## बैठक संख्या - ११

आज मिति २०८१ साल चैत्र महिनाको ०८ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

१. श्री शेषमणी पौडेल – इन्जिनियर

सहयोगी

श्री कृष्ण प्रसाद पौडेल

बैठक संख्या ११

## मिति २०८१/१२/०८ गतेको गाउँकार्यपालिका एघारौं बैठकका प्रस्तावहरू

१. गाउँकार्यपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सम्बन्धमा ।

३. सिमानाकामा बि.ओ.पि. निर्माण तथा जग्गा भोगाधिकार सम्बन्धमा ।

४. स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण कार्यक्रम सम्बन्धमा ।

५. कोईलाबास स्काई साईकिलिङ व्यवस्थापन सम्बन्धमा ।

६. सेवाग्राही सर्वेक्षण प्रतिवेदन सम्बन्धमा ।

७. कानूनका मस्यौदाहरू सम्बन्धमा ।

क) गढवा गाउँपालिकामा सेरामिक्स हब सम्बन्धी कार्यविधि, २०८१

८. "व्याचलर अफ क्राफ्ट एण्ड डिजाईन" कोर्ष अध्ययनरत विद्यार्थीहरूको छात्रवृती निरन्तरता दिने सम्बन्धमा ।

९. न्यून विद्यार्थी संख्या भएका विद्यालयहरू समायोजन एवम् एकीकरण गर्ने सम्बन्धमा ।

१०. आर्थिक सहयोग सम्बन्धमा ।

क) मालपोत कार्यालय, लमही दाङ

ख) नेपाल अवधी संस्कृति संरक्षण प्रतिष्ठान, केन्द्रिय कार्यालय गढवा

११. विविध विषय सम्बन्धमा ।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

## निर्णयहरू :

### निर्णय नं. १

यस गढवा गाउँपालिकाको मिति २०८१।११।२५ गते बसेको गाउँकार्यपालिकाको बैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

### निर्णय नं. २

भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी सहजिकरण समितिबाट प्रमाणिकरण भई आएका लगत भूमि समस्या समाधान आयोगको जिल्ला कार्यालय दाङमा पठाउने निर्णय गरियो ।

### निर्णय नं. ३

सशस्त्र प्रहरी बल, नेपाल बि.ओ.पि. कोईलाबास दाङको च.नं. ७० र मिति २०८१।११।२२ गतेको प्राप्त पत्र अनुसार नेपाल भारत सिमानाकामा नयाँ बि.ओ.पि. स्थापना र स्थापना भईसकेका बि.ओ.पि.हरूको जग्गा भोगाधिकारको लागि माग भई आएकोले निम्न स्थानहरूमा बि.ओ.पि. स्थापना र जग्गा भोगाधिकाको लागि आवश्यक प्रक्रिया अघि बढाउन जिल्ला प्रशासन कार्यालय दाङलाई अनुरोध गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

तपशिल :

| क्र.सं. | बि.ओ.पि.को नाम | स्थान | कै. |
|---|---|---|---|
| १ | बि.ओ.पि. अर्ना | गढवा १ अर्नवा | |
| २ | बि.ओ.पि. भौरीसाल | गढवा २ भौरीसाल | |
| ३ | बि.ओ.पि. घड्ग्रोल | गढवा ३ घड्ग्रौल | |
| ४ | बि.ओ.पि. बोक्स्यारी मुसि | गढवा ८ मुसिनाका | |
| ५ | बि.ओ.पि. खबरीनाका | गढवा २ खबरीनाका | |

### निर्णय नं. ४

यस गढवा गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१ साल कार्तिक महिनाको २५ गतेका दिन निर्णय नं. ४ मा संघीय सशर्त कार्यक्रमबाट स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण सम्बन्धी आयोजना गढवा ६ स्थित सर्बोदय प्राथमिक विद्यालयमा छात्राबास निर्माण गर्ने निर्णय भएकोमा भवन निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन हुन नसकेको हुदाँ सो निर्णय संशोधन गरि जनता माध्यमिक विद्यालय, कालाकाटेको विद्यालयको जग्गामा छात्राबास भवन निर्माण गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

**निर्णय नं. ५**

गढवा गाउँपालिका वडा नं. ८ कोईलाबासमा अवस्थित स्काई साईकलिङको प्रभावकारी व्यवस्थापन, पर्यटकीय आकर्षण वृद्धि, स्थानीय रोजगारी सिर्जना तथा राजस्व अभिवृद्धि गर्ने उद्देश्यले यसलाई ठेक्का प्रणालीमार्फत संचालन गर्ने निर्णय गरियो ।

१. स्काई साइकलिङ संचालनको लागि वार्षिक न्यूनतम कबोल रकम रु. ६,००,०००।०० (छ लाख) दर तोकी आ.व. २०८२।०८३ सम्म संचालन गर्ने गरि सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

२. स्काई साईकलिङ संचालन गर्ने ठेकदारले स्थानीय बासिन्दाहरूलाई प्राथमिकतामा राखि रोजगारी दिनुपर्ने ।

३. स्वदेशी पर्यटकको लागि प्रतिव्यक्ति प्रति पटक रू. २०० र बिदेशी पर्यटकको लागि प्रतिव्यक्ति प्रति पटक रू. ३२० अधिकतम शुल्क लिन पाउनेछ र तोकिएको शुल्क बाहेक अन्य कुनै अतिरिक्त शुल्क लिन पाईनेछैन ।

४. स्काई साइकलिङबाट संकलित राजश्वमध्ये ५० प्रतिशत रकम सम्बन्धित वडाको स्थानीय पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा वातावरण संरक्षणका लागि खर्च गरिनेछ ।

५. कार्यरत कर्मचारी तथा यात्रुहरूको सुरक्षालाई प्राथमिकतामा राखि दुर्घटना बीमा अनिवार्य गनुपर्नेछ, जसको खर्च सम्बन्धीत ठेकदारले बेहोर्नेछ ।

६. स्काई साइकलिङ संचालन गर्ने ठेकदारले निममित रूपमा मर्मत संभार गर्नुपर्नेछ साथै स्काई साइकलिङ क्षेत्रको सरसफाइ तथा फोहर व्यवस्थापन ठेकदार स्वयंमले गर्नुपर्नेछ ।

७. स्काई साइकलिङ अनुगमन तथा रेखदेख गर्ने जिम्मेवारी वडा नं. ८ को वडा समितिलाई दिईनेछ ।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

**निर्णय नं. ६**

गढवा गाउँपालिकाले प्रदान गरेको सेवा प्रवाहको गुणस्तर मूल्याङ्कन गर्न सेवाग्राहीबाट प्रत्यक्ष प्रतिक्रिया संकलन गर्न प्रमुख प्रशासकीय अधिकृतज्युको संयोजकत्वमा अधिकृत छैठौं पुनाराम शर्मा, सहायक पाचौं कृष्ण प्रसाद पौडेल र सहायक चौथो सरस्वती अर्याललाई जिम्मेवारी दिएकोमा मिति २०८१।११।१० गते देखि २०८१।११।२२ गतेसम्म दुई चरणमा सम्पन्न गरी पेश भएको प्रतिवेदन उपर विविध विषयमा छलफल तथा समिक्षा गरियो र पेश भएको सो प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस गाउँपालिकालाई आवश्यक रहेका विद्यायन समितिबाट पारित भई स्वीकृतिको लागि गाउँकार्यपालिकाको वैठकमा पेश भएको तपशिलको कार्यविधिलाई आवश्यक संशोधनसहित स्वीकृत गर्ने निर्णय गरियो ।

- गढवा गाउँपालिकामा सेरामिक्स हब सम्बन्धी कार्यविधि, २०८१

**निर्णय नं. ८**

यस गढवा गाउँपालिकाको आर्थिक सहयोग तथा काठमाडौं विश्वविद्यालय स्कुल अफ आर्टस, डिपार्टमेन्ट अफ आर्टस एण्ड डिजाईन हात्तीवन, ललितपुर नेपालको प्राविधिक सहयोगमा गढवा गाउँपालिकाले आ.व. २०८०।०८१ मा छनौट गरि स्नातक तहको "व्याचलर अफ क्राफ्ट एण्ड डिजाईन" कोर्ष अध्ययनको छात्रवृती प्रदान गरिएका विद्यार्थिहरूलाई यस आ.व.मा समेत निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ बमोजिम यस गढवा गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१ साल मंसिर महिनाको २८ गतेको निर्णय नं. १० मा न्यून विद्यार्थी संख्या भएका विद्यालयहरूको कक्षा स्थगन गरि नजिकैको विद्यालयमा समायोजन एवम् एकीकरण गर्ने निर्णय भएकोमा सो निर्णय तपशिल अनुसार कायम हुने गरि संशोधन गर्ने र सर्वोदय प्रा.वि. गढवा ६ लाई जनता मा.वि. गढवा ७ मा समायोजन एवम् एकीकरण गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

तपशिल :

| क्र.सं. | समायोजन हुने विद्यालय | क्र.सं. | समायोजन एवम् एकीकरण भई कायम हुने विद्यालय | कै. |
|---|---|---|---|---|
| १ | रत्न प्रा.वि. गढवा ३ | १ | सरस्वती उच्च मा.वि. विद्यानगर, गढवा ३ | |
| २ | कालिका प्रा.वि. गढवा ४ | २ | दिपेन्द्र होमजुन मा.वि.पर्सेनी, गढवा ४ | |
| ३ | सर्वोदय प्रा.वि. गढवा ६ | ३ | जनता मा.वि.गढवा, गढवा ७ | |

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

## निर्णय नं. १०

आर्थिक सहयताका लागि निवेदन पेश गरेका तपशिल बमोजिमका निवेदक तथा संस्थाहरूलाई तपशिल अनुसार आर्थिक सहायता रकम तपशिलको शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

| क्र.सं. | भुक्तानी पाउनेको नाम | कामको विवरण | भुक्तानी रकम | शिर्षक |
|---|---|---|---|---|
| १. | मालपोत कार्यालय, लमही दाङ | सेवाग्राही कक्ष निर्माण प्रयोजन | ५०,०००।०० | फर्निचर तथा फिक्चर्स |
| २. | नेपाल अवधी संस्कृति संरक्षण प्रतिष्ठान, केन्द्रिय कार्यालय गढवा दाङ | रितिरिवाज परम्परागत (गुडिया) नागपञ्चमी तथा तुल्सि जयन्ती कार्यक्रम संचालन खर्च | ४०,०००।०० | मधेशी संस्कृति जगेर्ना |

## निर्णय नं. ११

गढवा गाउंपालिका वडा नं. २ अन्तर्गत राप्ती नदीमा अवैध रूपमा संकलन गरि राखिएको ढुङ्गा गढवा गाउँपालिकाको कार्यालयबाट मिति २०८१।०८।१९ गते देखि २०८१।०८।२३ गतेसम्म जफत गरिएको र जफत गरिएका ढुङ्गा गढवा गाउपालिका २ पचाह स्थित श्री रामसागर लोधको जग्गामा डम्पिङ गरिएकोले भाडा वापत एकमुष्ट रू ५,०००।०० जग्गा धनि श्री रामसागर लोधलाई अन्य भाडा शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो । साथै उक्त ढुङ्गा ढम्पिङ गदा ५ दिनसम्म ट्रिप काउन्ट गरे वापत तपशिलका कामदारहरूलाई तपशिल अनुसारको पारिश्रमिक रकम भुक्तानी दिने निर्णय गरियो ।

तपशिलः

| क्र.सं. | वडा कार्यालय | भुक्तानी पाउनेको नाम थर | रकम |
|---|---|---|---|
| १ | २ नं. वडा | धुनु राम दमाई | ३००० |
| २ | २ नं. वडा | धुनिराम चौधरी | ३००० |
| ३ | २ नं. वडा | रामप्रसाद चौधरी | ३००० |

## निर्णय नं. १२

यस गढवा गाउँपालकिामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सेवाग्राहीहरूलाई सामाजिक सुरक्षा भत्ता वितरणका लागि वार्षिक बजेट रू.१४,९२,६८,०००।०० विनियोजन भएकोमा प्रत्येक त्रैमासिकमा नयाँ सेवाग्राही दर्ता भई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सेवाग्राहीहरूको संख्या बृद्धि भई विनियोजित बजेट अपुग हुने भएको हुदाँ अपुग रकम निकासाका लागि राष्ट्रिय परिचय पत्र तथा पञ्चिकरण विभागमा माग गर्ने निर्णय गरियो ।

## निर्णय नं.१३

कृषि विकास शाखाको चालु आ.व. मा स्वीकृत पिडालुको बीउ ५० प्रतिशत अनुदान सहयोग कार्यक्रम यस गढवा गाउँपालिका वडा नं. २ स्थित भौरीसाल नाकाको गाउँमा संचालन गर्ने निर्णय गरियो ।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CS CamScanner

**निर्णय नं.१४**

यस गढवा गाउँपालिकाको चालु आ.व.मा स्वीकृत भएको सामुदायिक वनसँगको साझेदारीमा वन तथा वातावरण र जैविक विविधता संरक्षण कार्यक्रम साझेदारीमा कार्यान्वयन गर्न समस्या देखिएकोले कार्यालयको कृषि शाखाबाट कार्यान्वयन गर्ने र आगामी गाउँसभामा समर्थन गराउने गरी तपशिल अनुसार हुनेगरि नाम संशोधन गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

| क्र.सं. | भएको | हुनुपर्ने |
|---|---|---|
| १ | सामुदायिक वनसंगको साझेदारीमा वन तथा वातावरण र जैविक विविधता संरक्षण कार्यक्रम | वन तथा वातावरण र जैविक विविधता संरक्षण कार्यक्रम |

**निर्णय नं.१५**

आ.व. २०८०।०८१ मा राप्ती नदि तथा विभिन्न खोलाहरूबाट नदिजन्य पदार्थ अवैध रूपमा चोरी निकासी नियन्त्रणका लागि दैनिक रू ६०० का दरले पारिश्रमिक रकम भुक्तानी दिनेगरि वडाको मातहतमा चौकिदार (नदी हेरालु) राख्ने निर्णय भएकोमा वडा नं. ४, वडा नं. ६ र वडा नं. ७ का चौकिदारहरूको पारिश्रमिक छुट भएको भनि वडाको सिफारिस आएको हुदाँ सोही बमोजिम छुट भएको पारिश्रमिक रकम भुक्तानी दिने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | वडा कार्यालय | भुक्तानी पाउनेको नाम थर | रकम | छुट भएको महिना |
|---|---|---|---|---|
| १ | ४ नं. वडा | ठाकुर चौधरी | २८२०० | २०८० फाल्गुन र चैत्र महिना |
| | | शंरक चौधरी | २८२०० | |
| २ | ६ नं. वडा | धर्मराज यादव | ३२४०० | २०८१ वैशाख र जेष्ठ महिना |
| ३ | ७ नं. वडा | फनेश्वर गुप्ता | १५६०० | २०८० फाल्गुन र चैत्र महिना |

**निर्णय नं.१६**

सुपैला खोलामा जम्मा भएको ओभरडिपोजिट पदार्थ हटाउदाँ खोलामा आएको बाढीले भत्एिको/बगाएको र राप्ती नदिमा आएको बाढीले दङ्गाली छाप कुलोको मुहानमा ढुङ्गा, बालुवा, गिट्टी इत्यादीले पुरी सिँचाई अबरूद्ध भई कुलोको मुहान मर्मत गरिएको हुदाँ सो निर्माण कार्यहरूको सर्जिमिन मुचुल्का, प्राविधिक लागत अनुमान तथा विल बमोजिम र वडा कार्यालयको सिफारिसको आधारमा सो निर्माण कार्यहरू गर्दा खर्च भएको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित गर्ने
सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

०८२-४१००६४

गढवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या २०८१/०८२
च.न. १९८४

मिति :–२०८२।०२।०१

श्री वडा कार्यालयहरू सबै,
श्री विषयगत शाखाहरू सबै,
गढवा गाउँपालिका, दाङ ।

विषय : निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस गढवा गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१।०१।१४ गते बसेको बैठकको निर्णयहरू तहाँको जानकारीका साथै आवश्यक कार्यार्थ यसै पत्रसाथ संलग्न गरि पठाईएको व्यहोरा अनुरोध छ ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## बैठक संख्या - १२

आज मिति २०८२ साल बैशाख महिनाको १५ गतेका दिन यस गढवा गाउँपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोख्रेल ज्यू को अध्यक्षतामा गढवा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोख्रेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

CamScanner

बैठक संख्या १२

**मिति २०८२/०१/१४ गतेको गाउँकार्यपालिका बाह्रौं बैठकका प्रस्तावहरू**

१. गाउँकार्यपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. विशेष अनुदानको लागि योजना छनौट गर्ने सम्बन्धमा ।

३. आगामी आ.व.को लागि आगामी आ.व.को नीति तथा कार्यक्रममा सुझाव संकलन, र बस्तीस्तरीयबाट योजना संकलन गर्ने सम्बन्धमा ।

४. १५ शैया अस्पतालको समयावधी थप तथा अपुग रकम माग गर्ने सम्बन्धमा ।

५. फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धमा ।

६. नदीजन्य पदार्थ घाटगद्दी गर्ने सम्बन्धमा ।

७. त्रैमासिक प्रगति विवरण सम्बन्धमा ।

८. संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वास्थ्य उपकरण माग गर्ने सम्बन्धमा ।

९. बालमैत्री स्थानीय शासन गाउँ समिति गठन सम्बन्धमा ।

१०. लैंगिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण प्रतिवेदन स्वीकृती सम्बन्धमा ।

११. गढवा स्वास्थ्य चौकीको इमरजेन्सी सेवा संचालन सम्बन्धमा ।

१२. भूमिहीन दलित भूमिहीन सुकुम्बासीहरूको जग्गाधनी प्रमाण पुर्जा वितरण पूर्व क्षेत्र निर्धारण गर्ने सम्बन्धमा ।

१३. खाता सूचारू गराई रकम फिर्ता गर्ने सम्बन्धमा ।

क) वडा नं. २ अन्तर्गत वडास्तरीय दुना टपरी योजना निर्माण उ.स.

ख) वडा नं. ३ अन्तर्गत वडा स्तरीय महिला संजाल

१४. गाउँ शिक्षा योजना स्वीकृती सम्बन्धमा ।

१५. शिक्षा समितिको बैठक निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

१६. आकस्कि सेवा (२४ घण्टे) मा कामकाज गर्ने कर्मचारीको प्रोत्साहन सुविधा सम्बन्धमा ।

१७. आर्थिक सहायता सम्बन्धमा ।

१८. हाम्रो सहस कार्यक्रम नामको परियोजना संचालनको लागि वडा छनौट सम्बन्धमा ।

१९. विविध विषय सम्बन्धमा ।

सचिव

राम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

## निर्णयहरू :

### निर्णय नं. १

यस गढवा गाउँपालिकाको मिति २०८१।१२।०८ गते बसेको गाउंकार्यपालिकाको वैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वियनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

### निर्णय नं. २

यस गाउँपालिकाको तर्फबाट आगामी आ.व. २०८२।०८३ का लागि प्रदेश विशेष अनुदान अन्तर्गत तपशिल बमोजिमका योजना छनौट गर्ने निर्णय गरिया ।

तपशिल :

१. आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित रहेका समुदायलाई स्वास्थ्य सेवा उपलब्ध गराउन घुम्ती अस्पताल संचलान कार्यक्रम

२. खाद्यन्न उत्पादन अभिबृद्धि कार्यक्रम

### निर्णय नं. ३

गढवा गाउँपालिकाको आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा यस गढवा गाउँपालिका भित्रका राजनीतिक दलहरू, गैर सरकारी संघ/संस्थाहरू, उपभोक्ता समितिहरू, सहकारीहरू, विद्यालयहरू, नागरिक समाज लगायत सम्पूर्ण सरोकारवालाहरूसँग नीति तथा कार्यक्रम तर्जुमा गर्न छलफल र राय सुझाव संकलन गर्ने साथै वस्तीस्तरबाट योजना संकलनको वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

### निर्णय नं. ४

प्राविधिक शाखाबाट पेश भएको प्राविधिक प्रतिवेदन अनुसार गढवा गाउँपालि वडा ६ मा निर्माणाधिन १५ शैया आधारभूत अस्पताल आयोजनाको संघीय सशर्त अनुदान मार्फत कार्यान्वियन हुने गरि आ.व. २०७८।०७९ मा निर्माण व्यावसायी श्री Shyam Sundar/NB JV सँग सम्झौता भई हालसम्म दुई पटक म्याद थप भएकोमा प्रयाप्त वजेट विनियोजन नभएको कारण मिति २०८२ साल कार्तिक मसान्तसम्म पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरि म्याद थप गरि आयोजना कार्यान्वियन गर्ने साथै उक्त आयोजना कार्यान्वयको लागि आवश्यक पर्ने अपुग बजेट संघीय सरकार समक्ष माग गर्ने निर्णय गरियो ।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CS CamScanner

**निर्णय नं. ५**

यस गढवा गाउँपालिकाका वडा अन्तर्गतका गाउँ, शहरउन्मुख तथा शहरबाट निस्कने फोहोरको उचित व्यवस्थापन गर्न तथा जनस्वास्थ्य एवं वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गरि स्वच्छ, स्वस्थ र मनोरम वातावरण सिर्जना गर्न गाउँपालिकाबाट नियमित पालो मिलाएर प्रत्येक वडामा फोहर संकलन ढुवानी (टेक्टर) पठाउने निर्णय गरियो । साथै हाल गढवा बजार क्षेत्रबाट संकलन गरिएको फोहरमैला वडा नं. ५ स्थित भवानी सामुदायिक वन उपभोक्ता समितिको वनमा रहेको डपिङ साईटमा विसर्जन गरिंदै आएकोमा सो वन उपभोक्ता समितिले फोहर विसर्जन गर्न रोक लगाएको हुदाँ फोहरमैलालाई स्रोतमा न्यूनीकरण, पुन: प्रयोग, प्रशोधन वा विसर्जन गर्ने कार्य दिर्घकालिन व्यवस्थापन नभएसम्मको लागि गढवा ३ मा रहेको एन्टीनार्कोटिक्स संस्थासंग साझेदारी गरी फोहरमैला व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन गर्ने सम्बन्धमा आ.व. २०८०/०८१ र आ.व. २०८१/०८२ मा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट नदिजन्य पदार्थ उत्खनन् तथा संकलनको लागि स्वीकृत प्राप्त प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा भएको व्यवस्था अनुशरण गर्दै सो प्रतिवेदनको भएको व्यवस्था प्रतिकुल नहुने गरि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) भएका स्थान/घाटहरूबाट नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा ढुवानी गर्न मेसिनरी औजार प्रयोग गर्न दिने निर्णय गरियो । साथै गत आ.व. २०८०/०८१ मा तपशिलका स्थान/घाटहरूबाट उत्खनन् तथा संकलन गरिएको नदिजन्य पदार्थ हालसम्म विक्रि नभई स्टक रहेको अवस्थालाई बिचार गरी हाललाई उक्त स्थान/घाटहरूबाट घाटगद्दीको लागि आयठेक्का नखोल्ने निर्णय गरियो ।

तपशिल :

१. पचहिया घाटदेखि महदेवा पुलसम्म, राप्ती नदि

२. रतनपुर घाट, राप्ती नदि

३. खैराघाट, राप्ती नदि

४. खडकपुर घाट, राप्ती नदि

**निर्णय नं. ७**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ (३) मा भएको व्यवस्था अनुसार प्रमुख प्रशासकीय अधिकृत ज्युबाट यस गढवा गाउँपालिकाको आय व्ययको तस्रो त्रैमासिक अवधिसम्मको प्रगति पेश भई सो को समिक्षा गरियो र हालसम्म अनुमानित आय ६३।४९ % निकासा प्राप्त भएकोमा कुल खर्च ५०।९७ % भएको जसमा पूँजिगत खर्चतर्फ ३६।१५ % र चालु खर्चतर्फ ६१।९२ % रहेको पाईयो ।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

**निर्णय नं. ८**

यस गढवा गाउँपालिका अन्तर्गत गढवा स्वास्थ्य चौकीबाट आकस्मिक सेवा (इमरजेन्सी) सहित स्वास्थ्य सेवा निरन्तर रूपमा प्रदान गरिदै आईरहेको, हाल बिरामीको चाप वृद्धि तथा प्रयाप्त आर्थिक स्रोतको अभावले गर्दा स्वास्थ्य सामाग्रीहरू खरिद गर्न नसकिने हुदाँ सेवा प्रवाहमा कठिनाई भएकोले तपशिलका अत्यावश्यक स्वास्थ्य उपकरणहरू सहायताको लागि संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल :

१. Ventilator Machine - १ थान
२. Digital X- Ray Machine -१ थान
३. Hb Electrophoresis Machine -१ थान
४. Fia Machine -१ थान
५. Incubator Machine -१ थान
६. Patient Monitor Set -१ थान
७. Coulter Counter Machine -१ थान
८. Liminar air flow Machine -१ थान
९. Suction Machine -५ थान

**निर्णय नं. ९**

बालमैत्री स्थानीय शासन कायान्वयन निर्देशिका, २०७८ को बुदा नं. १६ बमोजिम यस गढवा गाउँपालिकामा बालमैत्री स्थानीय शासन संचलान गर्न गाउँपालिकाको अध्यक्ष ज्युको अध्यक्षतामा बालमैत्री स्थानीय शासन गाउँसमिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस गढवा गाउँपालिकाको आ.व. २०८०।०८१ को लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षणको प्रतिवेदन, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

गढवा स्वास्थ्य चौकीमा संचलानमा रहेको इमरजेन्सी सेवामा हाल १ जना मात्र फार्मेसी सहायक कर्मचारी रहेकोले सेवा प्रवाहमा समस्या परेको भनि स्वास्थ्य चौकीबाट थप एक जना कर्मचारी माग भई आएको हुदाँ अर्को व्यवस्था नभएसम्मको लागि यस गढवा गाउँपालिकाको विज्ञापन नं. २/०८१/०८२, मिति २०८१/०५/१९ गतेको अन्तिम नतिजाको प्रकाशित सूचना अनुसार वैकल्पिक सूचिको योग्यताक्रम अनुसारको उम्मेदवारलाई दैनिक डोरहाजिरीमा प्रतिदिन रू.१००६।०० (अक्षरूपी एक हजार छ रूपैयाँ मात्र) का दरले पारिश्रमिक दिई कामकाजमा लगाउने र अ.हे.व. पदमा समेत एक जना कर्मचरी रिक्त रहेको हुदाँ विज्ञापन नं. ३/०८१/०८२, मिति २०८१/०५/२४ गतेको अन्तिम नतिजाको प्रकाशित सूचना बमोजिम एक जनालाई बैकल्पिक उम्मेदवारलाई करार सेवामा नियुक्तीको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

## निर्णय नं. १२

भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ को दफा ९ को उपदफा (४) को प्रयोजनार्थ यस गढवा गाउँपालिकालाई तपशिलका क्षेत्रमा विभाजन गर्ने निर्णय गरियो ।

तपशिल :

१. गाउँपालिकाको शहरी क्षेत्र : नभएको

२. गाउँपालिकाको शहरोन्मुख क्षेत्र :

- पूर्व प्रनाहा खोलाको पुलदेखि पश्चिम बालापुर चोकसम्म र उत्तर गढवा पेट्रोल पम्प (पाकिजा लोकप्रिय आयल सेन्टर) देखि दक्षिण थानदेउखुरी चोकसम्म दायाँबायाँ १५० मिटरको क्षेत्रमा पर्ने गढवा बजार

३. गाउँपालिकाको केन्द्र :

- गाउँपालिकाको वडा नं. ६, गढवा बजार

४. ग्रामिण क्षेत्र :

- गढवा गाउँपालिकाको अन्य बाँकी सबै क्षेत्र

## निर्णय नं. १३

(क) गढवा गाउँपालिका २ नं. वडा कार्यालय र मिति २०८१।१२।२० गतेको वडास्तरीय दुना टपरी निर्माण योजनाको समितिको वैठकको निर्णयको प्रतिलिपि अनुसार आ.व. २०७४/०७५ मा उक्त समितिको नाममा सिमा क्षेत्र विकास कार्यक्रम संचालनको लागि निकासा भएको रू. ५,००,०००।०० को बजेटको कार्यक्रमबाट कुनै पनि कार्य नभएको भनि सिफारिस र निर्णय भई आएको हुदाँ उक्त समितिको नाममा श्री कर्णाली डेभलपमेन्ट बैंकको खातामा रोक्का भएको उक्त रकम गढवा गाउँपालिकाको आन्तरिक राजश्व खातामा फिर्ता गर्ने निर्णय गरियो ।

(ख) गढवा गाउँपालिका ३ नं. वडा कार्यालय र मिति २०८१।११।११ गतेको वडास्तरीय महिला संजाल समितिको वैठकको निर्णयको प्रतिलिपि अनुसार आ.व. २०७४/०७५ मा उक्त समितिको नाममा सिमा क्षेत्र विकास घुम्ती कोष कार्यक्रम संचालनको लागि निकासा भएको रू. ४,००,०००।०० को बजेटको कार्यक्रमबाट कुनै पनि कार्य नभएको भनि सिफारिस र निर्णय भई आएको हुदाँ उक्त समितिको नाममा श्री कर्णाली डेभलपमेन्ट बैंकको खातामा रोक्का भएको उक्त रकम गढवा गाउँपालिकाको आन्तरिक राजश्व खातामा फिर्ता गर्ने निर्णय गरियो ।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

## निर्णय नं. १४

गढवा गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माण भई गाउँ कार्यपालिकाको वैठकमा पेश भएकोमा आवश्यक राय तथा सुझाव संकलनको लागि गाउँकार्यपालिका सदस्यहरूलाई उपलब्ध गराउने र आउने गाउँकार्यपालिकाको वैठकमा पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं. १५

यस गढवा गाउँपालिका अन्तर्गत गाउँ शिक्षा समितिको मिति २०८१/१२/०९ र २०८२/०१/०९ गतेको बैठकले गरेका निर्णयहरूको समर्थनका लागि यस गाउँ कार्यपालिकाको बैठकमा पेश भएकोमा शिक्षा समितिको सम्पूर्ण निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १६

यस गढवा गाउँपालिकाको दमकल चालक श्री पितानन्द यादव आकस्मिक सेवामा (२४ घण्टा) कामकाज गरिरहनुभएकोले निज कर्मचरीलाई रासन सुविधावापत प्रति महिना रू.३००० को दरले रासन सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. १७

गढवा गाउँपालिकाको कार्यालयमा प्राप्त हुन आएका तपशिल बमोजिमका व्यक्ति/संस्थाहरूको निवेदन/सिफारिस अनुसार देहायबमोजिमको आर्थिक सहायता उपलब्ध गराउने ।

तपशिल :

| क्र. सं. | सहायता दिने व्यक्ति/संस्था | सहयोग दिनुपर्ने प्रयोजन | रकम | शिर्षक | कै. |
|---|---|---|---|---|---|
| १. | पिडकको नाम गोप्य राखिएको | लैंगिक हिंसाबाट पिडित महिलाको निःशुल्क संरक्षणको लागि भएको खर्च | २०,९२५ | विविध खर्च | स.म.वि.नि. श्री प्रेरणा चन्दले खर्च व्यवस्थापन गर्नु भएकोले निजलाई भुक्तानी दिने |
| २. | नेपाल मगर सेवा समाज | मगर दिवस सचालन खर्च | १०,००० | कार्यक्रम खर्च (झाकी न्याली दिवस तथा अन्य भैपरी कार्यक्रम) | |
| ३. | | अन्तराष्ट्रिय श्रमिक दिवस संचलान खर्च | १०,००० | | |

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

**निर्णय नं. १८**

श्री थारू महिला उत्थान केन्द्र, गुलेरिया -७, बर्दियालाई हाम्रो सहस कार्यक्रम नामक परियोजना संचालनको लागि गाउँपालिकासँग २०८१।१२।१९ गते सम्झौता भई सहमति प्रदान गरिएकोमा सो कार्यक्रम हाल गढवा गाउँपालिकाको वडा नं. ३, ४, ५ र ७ मा संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

यस गढवा गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१।०९।२१ गतेका दिनमा गरिएको निर्णय नं. ४ द्वारा नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा प्रति वडा १ जनाको दरले खटाउने निर्णय भएकोमा ३ नं. वडा कार्यालयबाट २ जना नदीजन्य हेरालु खटाईएकोमा सोको समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

गढवा क्याम्पस चोक खरखरे डाँडा मनिकापुर कक्रहवा जाने बाटो कालोपत्रे लगायतका योजनाहरू कार्यान्वयनको क्रममा सडकमा विद्युत पोल रहेको कारण कठिनाई भएको र तत्काल पोल स्थानान्तरण नगरेमा योजना समेत प्रभावित हुन देखिएकोले आगामी गाउँसभाबाट समर्थन गराउने गरि समपुरक कोष गा.पा.स्तरबाट रू. १०,००,०००।०० **विद्युत पोल स्थानान्तरण** कार्यको लागि छुटाउने निर्णय गरियो । सो निर्माणको लागि लागत अनुमान बमोजिमको रकम नेपाल विधुत प्राधिकरण, लमही वितरण केन्द्रलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय प्रमाणित गरियो।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल